आज मिति २०८० साल मंसिर १७ गते आइतवारको दिन यस लिखु गाउँपालिकाका अध्यक्ष श्रीमान अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरी निर्णयहरु गरियो ।

उपस्थिती

| क्र.सं | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडा अध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडा अध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ५ | वडा अध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडा अध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडा अध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडा अध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडा अध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ्ग | |
| १० | वडा अध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडा अध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका विश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | श्री लिलाराज श्रेष्ठ | |

सहायक कर्मचारीहरुः

१. श्री रसना मगर
२. श्री रवि कटुवाल

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा ।
२. रिक्त करार कर्मचारीको विज्ञापन सम्बन्धमा ।
३. निशुल्क जग्गा प्राप्ति सम्बन्धमा ।
४. विचारी आहाल कुटिडाँडा सडक सम्बन्धमा ।
५. सेवा केन्द्र स्थानान्तरण सम्बन्धमा ।
६. विविध समसामयिक विषयहरु सम्बन्धमा ।

**निर्णयहरु :**

**१. निर्णय नं १. प्रस्ताव नं १, उपर निर्णय :**

लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई अझ थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु वीचमा समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**२. निर्णय नं २. प्रस्ताव नं २, उपर निर्णय :**

लिखु गाउँ कार्यपालिकाको कार्यालयमा देहाय बमोजिम रिक्त रहेको पदमा करार कर्मचारी पदपुर्ति गर्नको लागि विज्ञापन आवहान गरी राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापनको सूचना प्रकाशन गर्ने भनी सर्वसम्ममत निर्णय गरियो ।

| **क्र.स.** | **पद** | **तह** | **माग संख्या** | **कार्यालय** |
|---|---|---|---|---|
| १ | MBBS डाक्टर | आठौं | १ | स्वास्थ्य चौकी गाम्नाङटार |
| २ | सूचना प्रविधि अधिकृत | छैठौं | १ | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | ल्याव टेक्निसियन | पाँचौ | १ | स्वास्थ्य चौकी गाम्नाङटार |
| ४ | रोजगार प्राविधिक | पाँचौ | १ | गाउँ कार्यपालिकाको कार्यालय |

**३. निर्णय नं ३. प्रस्ताव नं ३, उपर निर्णय :**

लिखु गाउँपालिका वडा नं. ९ मा रहेको पोखरी आधारभूत स्वास्थ्य ईकाइको कार्यालय प्रयोजनको लागि लिखु – ९ निवासी जग्गाधनी श्री आङ्पासाङ्ग शेर्पाको नाममा दर्ता भएको कित्ता नं. ८१३ को जग्गा मध्ये २-०-०-० रोपनी क्षेत्रफल जग्गा निशुल्क प्राप्त हुन आएको हुदाँ उक्त जग्गा वडा -९ को कार्यालयको नाममा रजिष्ट्रेशन पासको लागि मालपोत कार्यालय समक्ष अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**४. निर्णय नं. ४, प्रस्ताव नं. ४, उपर निर्णय :**

संघीय समपुरक अनुदान आयोजना अन्तर्गत लिखु गाउँपालिकाको आ.व. २०८०/८१ को वार्षिक स्विकृत कार्यक्रम अनुसार लिखु गाउँपालिकामा सञ्चालन हुने **विचारी आहाल गाउँपालिका केन्द्र सडक आयोजना** (क्रमागत) को जिरो पोइन्ट (विचारी आहाल) बाट सडक कालोपत्रे (Black Top) गर्नको लागि आवश्यक प्राविधिक परामर्श लिई ठेक्का आवहान गर्ने प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**५. निर्णय नं ५. प्रस्ताव नं. ५, उपर निर्णय :**

लिखु गाउपालिका वडा नं. ६ को वडा समितिको कार्यालयको मिति २०७९/०८/२८ गतेको निर्णानुसार वडा नं. ६ को नागरिकहरुले नागरिकता, मालपोत र नापि सम्बन्धी सार्वजनिक सेवा जिल्ला प्रशासन

कार्यालय, जिल्ला मालपोत कार्यालय र जिल्ला नापि कार्यालय, ओखलढुंगाबाट लिदै आएकोमा अब उप्रान्त ईलाका प्रशासन कार्यालय, ईलाका मालपोत कार्यालय र ईलाका नापि कार्यालय खिजिफलाटेबाट लिने गरी सेवा केन्द्र स्थानान्तरणको लागि तत् तत् निकायमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**६. निर्णय नं ६. प्रस्ताव नं. ६, उपर निर्णय :**

विविध विषयको सम्बन्धमा पेश भएका प्रस्तावहरु माथी आवश्यक छलफल गर्दा देहाय बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

क) लिखु गाउँपालिकाको वडा नं. ६ मा अवस्थित माटेबेशी सिद्धेश्वर महादेव मन्दिरमा बालाचतुर्दशीको अबसरमा लाग्ने मेला तथा माटेबेशी बालाचतुर्दर्शी महोत्सवको उपलक्ष्यमा मिति २०८० मंसिर २४ गते यस गाउँपालिका भरी लागु हुने गरी स्थानीय सार्वजनिक विदा दिने सर्वसम्मत निर्णय गरियो ।

ख) लिखु गाउँपालिकाको वडा नं. ६ अवस्थित माटेबेशी सिद्धेश्वर महादेव मन्दिरमा मिति २०८०/०८/२१ गते देखी २४ गतेसम्म बालाचतुर्दशीको अबसरमा लाग्ने मेला तथा माटेबेशी बालाचतुर्दर्शी महोत्सवमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री सुदन किराती ज्युको प्रमुख आतिथ्यतामा कार्यक्रम सञ्चालन हुने भएको हुदाँ आवश्यक सुरक्षा व्यवस्थापनको लागि जिल्ला प्रशासन कार्यालय, ओखलढुंगा र जिल्ला प्रहरी कार्यालय, ओखलढुंगा समक्ष अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।